नेपाली

Vol.26 | 2022.07

भिविन्न देशका बिदेसीहरुको लागि समाचार


# Ota City Navigation



विशेष अंक

## काम गर्ने विदेशी नागरिकसँग अन्तर्वार्ता

पहिलो संस्करण भियतनाम



**ओता सहरमा काम गरौं!!**


Ota City Navigation पढ्नुहुने सम्पूर्ण विदेशी नागरिकहरूलाई ओता सहरमा काम गर्ने कुराको आकर्षणबारे जानकारी गराउनको लागि हामी तपाईंहरूसँग ओता सहरमा काम गर्नुहुने विदेशी नागरिकहरूको परिचय गराउँछौं। पहिलो संस्करणमा हामी तपाईंहरूसँग ओता सहरको स्थानीय समुदायमा आधारित ढाँचाको घरजग्गा परामर्श कम्पनीमा काम गर्नुहुने भियतनामका दुई जना नागरिकहरूको परिचय गराउँछौं। जापान अनि ओता सहरमा काम गर्ने कुराको आकर्षण के हो?



NGUYEN THI LANH
(गुएन तेइ राइन) जी



NGUYEN THI THU HUONG
(गुएन तेइ तु फुओन) जी



### Q तपाईं जापानमा कहिले आउनुभयो?

**●राइन**: म 2020 सालको डिसेम्बरको अन्त्य तिर आएको हुँ र अहिले 1 वर्ष 3 महिना जति भयो।

**★फुओन**: मेरो र राइनजीको भियतनाममा जागिरको अन्तर्वार्तामा चिनजान भयो। त्यसपछि जागिर पाएको हुनाले हामी दुबै जना सँगै, एकै हवाईजहाजमा चढेर जापानमा आयौं। कोरोनाकाल भएकोले हानेदा विमानस्थलमा आइपुगेको बेला, त्यहाँ एकदम कम मान्छेहरू मात्र थिए।




### Q जापानप्रति रुचि जाग्नुको कारण के हो?

**●राइन**: मैले विश्वविद्यालयमा जापानी भाषा विषय लिएर भर्ना भएको थिएँ। कारण चाहिँ मलाई जापानी माङ्गा मन पर्ने भएकोले हो। (मलाई विशेष गरी फुटबल माङ्गा "Jindo• कात्तोबी इत्तो" मन पर्छ!)

**★फुओन**: मलाई पनि विश्वविद्यालयमा भर्ना भएपछि अंग्रेजी बाहेक कुनै नयाँ भाषा सिकेर हेर्न मन लाग्यो अनि जागिर खाने कुरालाई पनि विचार गरेर मैले जापानी भाषाको दोभासे तथा अनुवाद विषय रोजें।



### Q तपाईं काममा कस्तो कुरा गरिरहनुभएको छ?

**●राइन**: अहिलेको प्रमुख काम भनेको विदेशी नागरिकको सपोर्ट हो। सर्वप्रथम सेयर हाउसको काम हो। केही कोठाहरूको विज्ञापन दिई, सोधपुछको लागि सम्पर्क गरियो भने त्यो काम सम्हाल्ने। ग्राहकको कोठा तोकियो भने त्यसपछिको जानकारी र उक्त कोठामा उपस्थित हुने। यसका साथै सेयर हाउसमा संस्कृतिको भिन्नताको कारण समस्या उत्पन्न भएको बेला, कहिलेकाहीँ हामीहरूले सम्बन्धित पक्षहरूलाई सम्झाइबुझाइ गर्ने मध्यस्थको रूपमा पनि काम गर्ने गर्छौं।

**★फुओन**: यस बाहेक विदेशी नागरिकहरू बसोबास गर्न सक्ने भाडाको कोठाहरू बढाउनको लागि घरधनीहरूको विदेशी नागरिकप्रतिको बुझाइलाई बढाउने इच्छा छ। उदाहरणको लागि भियतनामको नागरिक भाडामा बसेको बेला कुनै समस्या वा उजुरी परेमा अवस्थामा पनि हामीहरूले भए, त्यसको सपोर्ट (समाधना) गर्न सक्छौं।







बाँकी पृष्ठ 4 मा छ।

# [ओता सहर कम्युनिटी साइकल कार्यक्रम]

ओता सहर कम्युनिटी साइकल भनेको निश्चित क्षेत्र भित्र स्थापना गरिएको साइकल पोर्ट (साइकल पार्किङ स्थल) भएमा, जुनसुकै ठाउँबाट पनि साइकल भाडामा लिन र फिर्ता गर्न सकिने साइकल सेयर सर्भिस हो। ओता सहर लगायत टोक्यो महानगरपालिका भित्रको 13 सहर भित्र भएमा, जुन सुकै साइकल पोर्टबाट पनि भाडामा लिन र फिर्ता गर्न सकिन्छ। ओता सहर भित्र लगभग 110 स्थानहरूमा पोर्ट छन्। कार्यालयमा जाने वा घर फर्कने, सपिङ जाने, घुमफिर गर्ने जस्ता आफूलाई चाहिएको बेला प्रयोग गर्न सकिन्छ। (प्रयोग गर्नको लागि सदस्य दर्ता गर्नु पर्नेछ।)

| कहिले | कहाँ | कति जना |
|---|---|---|
| चौबिसै घण्टा प्रयोग गर्न सकिन्छ | टोक्यो महानगरपालिका भित्र लगभग 1,000 स्थानहरू (ओता सहर भित्र लगभग 110 स्थानहरू) | दर्ता गरेको एक जनाले एउटा साइकल प्रयोग गर्न सकिनेछ |

| शुल्क | आवेदन दिने तरिका | आवेदन दिने ठाउँ |
|---|---|---|
| 1 पटक सदस्य 165 येन/30 मिनेट (प्रत्येक 30 मिनेट लम्ब्याइएको 165 येन)<br>मासिक सदस्य 2,200 येन/महिना (प्रत्येक 30 मिनेट लम्ब्याइएको 165 येन)<br>1 दिनको पास 1,650 येन/दिन (प्रयोग दिनको 11:59 pm सम्म) | WEB साइटबाट सदस्य दर्ता | |

| सम्पर्क | शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा ☎ 03- 5744-1315 FAX 03- 5744-1527<br>E-mail toshikan@city.ota.tokyo.jp |
|---|---|

# [साइकल चोरी र साइकल आदिको पार्किङको बारेमा]

सडक वा स्टेसन वरिपरिको स्थानमा साइकल नराख्नुहोस्। साइकल पार्किङ स्थलमा रोकेर राख्ने गरौं। स्टेसन वरिपरिको स्थानमा राखिएको साइकलहरूले पैदल यात्री आदिलाई बाधा पुग्ने र आकस्मिक सवारी साधन जान नसकेर समस्याको सृजना गर्छ। स्टेसन वरिपरिको स्थानमा राखिएको साइकलहरूलाई हटाइने अवस्थाहरू पनि हुन सक्छन्। ओता सहरमा धेरै साइकल पार्किङ स्थलहरू छन्। साइकल पार्किङ स्थल अनुसार प्रयोग समय र प्रयोग शुल्क फरक हुन्छन्। साइकल पार्किङ स्थल र ओता सहरको होमपेजमा राम्रोसँग निश्चय गर्नुहोस्। साथै ओता सहरमा धेरै साइकलहरू चोरी भइरहेका छन्। आफ्नो घर र साइकल पार्किङ स्थलमा साइकल राख्ने बेलामा पनि अनिवार्य रूपमा साइकल लक गर्नुहोस्। चोर्नलाई अझ बढी समय लाग्ने हुनाले, विशेष गरी दुई ठाउँमा लक गर्ने टु-लक प्रभावकारी हुन्छ। टु-लकद्वारा महत्त्वपूर्ण साइकललाई सुरक्षित राखौं।

**सम्पर्क**

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315 FAX 03-5744-1527
E-mail toshikan@city.ota.tokyo.jp
साइकल पार्किङ स्थल

चोरीको जानकारी



# [फुरुहामा निशुल्क खुला गरिने दिन]

के तपाईं कपास जस्तो सेतो न सेतो बालुवामा बिच स्पोर्टसको मज्जा लिन चाहनुहुन्छ? बिच भलिबल, बिच टेनिस आदिको खेल्ने सामग्री निशुल्क भाडामा दिइन्छ। साथै तपाईंले विभिन्न बिच स्पोर्टसको मज्जा लिन सक्नुहुन्छ। इच्छुकहरूलाई साधारण लेक्चर पनि दिइन्छ। बच्चादेखि वयस्कसम्म सबैले मज्जा लिन सक्ने उपायहरू अपनाइएको हुनाले, संकोच नमानीकन सपरिवार आउनुहोस्!

| कहिले | कहाँ |
|---|---|
| जुलाई 17 तारिख (आइतबार), सेप्टेम्बर 18 तारिख (आइतबार)<br>प्रभातकाल/10:30 am~12:30 pm<br>अपराह्न/1:30 pm~4:30 pm | ओमोरी हिगासी वाटरसाइड स्पोर्टस् मैदान, बिच भलिबलको मुख्य कोर्ट<br>ओता सहर ओमोरी हिगासी 1-37-1 |

| शुल्क | कति जना | आवेदन दिने तरिका |
|---|---|---|
| निशुल्क | 15 जना जतिसम्म, क्रम अनुसार प्रयोग। | सोही दिन स्पोर्टस मैदानमा नाम लेखाउनुहोस्। |

| सम्पर्क | खेल प्रवर्धन शाखा<br>☎ 03-5744-1441 FAX 03-5744-1539<br>E-mail sports@city.ota.tokyo.jp |
|---|---|

# [निवासी कर भुक्तानीबारे]

चरण 2 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद अगस्ट 31 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चरण 3 को भुक्तानी म्याद अक्टोबर 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

| सम्पर्क | कर भुक्तानी शाखा<br>☎ 03-5744-1205<br>FAX 03-5744-1517 |
|---|---|

## आवेदन खुला [होम भिजिट]

जापानी नागरिकको घरमा भ्रमण गर्न जाऔं! के तपाईं ओता सहरको जापानी नागरिकको घर भ्रमण गरेर जापानी परिवारसँग जानकारी आदानप्रदान गर्न चाहनुहुन्छ?

◆ जापानी नागरिक (होस्ट फ्यामेली) को घरमा गएर कुराकानी र घुमफिर गर्न सकिन्छ।

◆ होस्ट फ्यामेलीको घरमा रहने समय 2~3 घण्टा जति हुनेछ।

◆ होस्ट फ्यामेलीसँग जापानी भाषामा कुराकानी गरिनेछ।

◆ एउटा घरमा 2 देखि 3 जना गेस्ट (विदेशी विद्यार्थी वा विदेशबाट आएको व्यक्ति) हरू जानेछन्।

◆ दिउँसोको खाना खाएर आउनुहोस्। होस्ट फ्यामेलीको घरमा खाना खाइनेछैन।



| कहिले | कहाँ | शुल्क | कति जना |
|---|---|---|---|
| 2022 साल सेप्टेम्बर 25 तारिख (आइतबार)<br>1:00 pm~5:00 pm | ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र | निशुल्क (यातायात खर्च आफैले बेहोर्नु पर्नेछ) | 20 जना |

| आवेदन दिने तरिका | आवेदन दिने ठाउँ |
|---|---|
| फाराममा आवश्यक जानकारी भर्नुहोस्। | |

तपाईंहरूसँग जानकारी आदानप्रदान गर्न होस्ट फ्यामेलीहरू पर्खेर बसिरहनुभएको छ।

विस्तृत जानकारीको लागि यहाँ

## आवेदन खुला [जापानी भाषामा वक्तृत्व कला 2022]

जापानी भाषा अध्ययन गर्नुहुने विदेशी नागरिकहरू! के तपाईं जापानी भाषामा आफ्नो भावना व्यक्त गर्न चाहनुहुन्छ?

◆ आवेदनको लागि योग्यता: जापानी भाषा मातृभाषा नभएका, निम्न मध्ये कुनै एकमा पर्ने व्यक्तिहरू

- ओता सहरमा बसोबास गरिरहेको व्यक्ति
- ओता सहरमा अध्ययन गरिरहेको व्यक्ति
- ओता सहरमा काम गरिरहेको व्यक्ति

◆ बोल्ने समय, प्रति व्यक्ति 3 देखि 5 मिनेट जति रहेको छ।

| कहिले |
|---|
| 2022 साल अक्टोबर 30 तारिख (आइतबार) अपराह्न |

| कहाँ |
|---|
| ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र |

| शुल्क | कति जना |
|---|---|
| निशुल्क (यातायात खर्च आफैले बेहोर्नु पर्नेछ) | 15 जना जति |

◆ उदाहरणको लागि निम्न विषयहरूमा बोल्न सकिन्छ।

- जापान अथवा ओता सहरमा जीवनयापन गर्दा महसुस गरेको कुरा
- जापानको मन पर्ने कुरा र मन नपर्ने कुरा
- जापान र मातृभूमिको भिन्नता
- जापानमा आएर गर्न चाहने कुरा
- जापानमा भोगेका समस्याहरू (जापानी नागरिकहरूले सहयोग गरिदिए हुन्थ्यो जस्तो लागेको कुरा) आदि

हामी तपाईंहरूको सहभागिता पर्खिरहेका छौं!

आवेदन दिने तरिकाको लागि HP हेर्नुहोस्!





यो 2019 सालको वक्तृत्व कला प्रतियोगिताको फोटो हो।

| सम्पर्क | अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail mail@ota-goca.or.jp |
|---|---|





तपाईंहरू दुई जनाले घरजग्गा कम्पनीको स्थानबाट विदेशी नागरिकहरूलाई सहयोग गरिरहनुभएको रहेछ है! पूरै अन्तर्वार्ता यहाँ राखिएको छ। नछुटाईकन पढ्नुहोस्!

हामीले अन्तर्वार्ता दिनुहुने विदेशी नागरिकहरू खोजिरहेका छौं!

विस्तृत जानकारीको लागि यहाँ हेर्नुहोस्।

# [ओता सहर शान्ति सहर घोषणा स्मारक कार्यक्रम "शान्ति स्मारक समारोह"]

ओता सहरले 1984 साल अगस्ट 15 तारिखमा विश्वमा स्थायी शान्ति र मानव जातिको अनन्त समृद्धिको कामना गरी शान्ति सहर घोषणा गरेको थियो। यसको सम्झनाका साथसाथै एकअर्कासँग शान्तिको महत्त्वको बाचा गरी, युवा पुस्तामा हस्तान्तरण हुने सहरबासीहरू बीच एकताको भावना उत्पन्न गराउने स्थानको रूपमा 1987 सालदेखि "हानाबी (आतसबाजी) उत्सव" को आयोजना भइरहेको छ। आर्थिक वर्ष 2022 सालमा संक्रामक रोग नोभल कोरोनाभाइरस फैलिनबाट रोक्नको लागि, "हानाबी (आतसबाजी) उत्सव" रद्द गरी, कुमिन प्लाजामा "शान्ति स्मारक समारोह" को आयोजना गरिनेछ।




**भाग 1** **[समारोह]**

- ओपनिङ: वादाइको (जापानी ड्रम) को प्रस्तुति
- आयोजक र अतिथिको अभिवादन
- ओता सहर शान्ति सहर घोषणा वाचन
- सामूहिक गान ओता सहर शान्ति सहर घोषणा स्मारक गीत "शान्ति भनेको के हो?"

**भाग 2** **[स्टेज प्रस्तुतिहरू]**

- प्रस्तुति र कलाकार तोकिएको छैन

बिना दर्शक आयोजना गरिने योजना छ। अघिल्लो पटक जसरी लाइभ स्ट्रिमिङ गरिनेछ।

| कहिले | शुल्क |
| --- | --- |
| 2022 साल अगस्ट 15 तारिख (सोमबार) 2:00 pm प्रारम्भ (योजना) | निशुल्क |

| सम्पर्क | संस्कृति प्रवर्द्धन शाखा<br>☎ 03-5744-1226 FAX 03-5744-1539 E-mail bunka@city.ota.tokyo.jp |
| --- | --- |

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ☎ 03-5744-1227 FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।